दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २०३ | बुटवल | २०८३ साउन १५ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday July 31, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


### संसद बैठक सुनसरी घटनामा केन्द्रित :

# प्रधानमन्त्री र गृहमन्त्रीको भूमिकाप्रति चर्को असन्तुष्टि

**जनताले चुनावमा जसरी रास्वपाप्रति अभिमत प्रकट गरेका थिए, त्यसअनुरुप उसको नेतृत्वको सरकारले काम गर्न नसकेको सांसदहरूले औंल्याएका छन् । प्रधानमन्त्रीमा कुनै अहंकार र आफू मात्रै पर्याप्त हो भन्ने लागेको खण्डमा त्यो दुर्भाग्यपूर्ण हुने प्रचण्डको चेतावनी छ ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रतिनिधि सभाको बिहीबारको वैठक सुनसरीको कप्तानगञ्ज घटनामा केन्द्रित भएको छ । बैठकमा बोल्ने अधिकांश विपक्षी दलका सांसदहरुले सरकार, प्रधानमन्त्री र गृहमन्त्रीको भूमिकाप्रति चर्को असन्तुष्टि जनाए । नेकपा एमालेकी सांसद् पद्मा अर्याललगायतले त प्रधानमन्त्री बालेन साह र गृहमन्त्री सुदन गुरुङ यस घटनामा गैरजिम्मेवाररुपले प्रस्तुत भएको भन्दै दुबै जनाले पदबाट राजीनामा दिनुपर्ने माग गरिन् ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुनसरीको कप्तानगञ्ज घटनाको वास्तविकता बाहिर ल्याउन सरकारसँग माग गरेका छन् । बैठकमा पूर्वप्रधानमन्त्रीको हैसियतमा सम्बोधन गर्दै उनले घटनाको वास्तविकता बाहिर ल्याउन आग्रह गरेका हुन् ।

कप्तानगञ्ज घटनाले साम्प्रदायिक विद्वेषको चिन्ता व्यक्त भइरहेको उनले बताए । "सुरक्षा निकायको भूमिका के कस्तो रह्यो ? के त्यहाँ गोली चलाउनैपर्ने अवस्था थियो या थिएन ?" उनले भने- "समस्या समाधानका अन्य उपाय र विकल्पहरूमा के कति पहल गरियो या गरिएन लगायत सबै विषयमा विस्तृत अध्ययन गरी वास्तविकता बाहिर ल्याउन सरकारसँग अपिल गर्छु ।"

प्रचण्डले देशको परिस्थिति सहज नभएको पनि बताएका छन् ।

उनले जनताले चुनावमा जसरी अभिमत प्रकट गरेका थिए, त्यस अनुरुप सरकारले काम गर्न नसकेको उनको भनाइ थियो । 'अहिले देशको समग्र राजनीतिक परिस्थिति सहज छैन । हामीले आफ्नो आफ्नो मत राखेका छौं, यो राम्रो कुरा हो ,' प्रचण्डले भने-'गत निर्वाचनमा हामीले जसरी आफ्ना कुरा राख्यौं, जनताले जसरी आफ्नो अभिमत प्रकट गरे । यसबीचका सरकारका क्रियाकलापले जनताको अपेक्षालाई सन्तुष्ट पार्न सकेको छैन ।' बरु दिन प्रतिदिन परिस्थिति अझै असहज हुने हो कि भन्ने चिन्ता व्याप्त भएको प्रचण्डको भनाइ थियो । 'बरु दिन प्रतिदिन परिस्थिति अझै असहज हुने हो कि भन्ने चिन्ता व्याप्त भएको छ ।'- उनले भने ।

प्रचण्डले विगतका अनुभव बटुलेका नेताहरूसँग भेटेर संवाद गर्नका लागि प्रधानमन्त्री बालेन शाहलाई के ले रोकेको ? भन्दै प्रश्न गरेका छन् ।

उनले यदी कुनै अहंकार र आफू मात्रै पर्याप्त हो भन्ने लागेको खण्डमा त्यो दुर्भाग्यपूर्ण हुने बताए । 'यो रोस्ट्रमबाट खासगरी प्रधानमन्त्री बालेन शाहज्यूलाई भन्न चाहन्छु, नेपालमा विगतका धेरै अनुभवहरूबाट गुज्रेका नेता, बुद्धिजीवी र विज्ञहरूको विशाल पंक्ति छ । ठूला ठूला अप्ठेरा परिस्थितिलाई निकास दिने हैसियत राख्ने नेताहरूको पंक्ति छ ।'- उनले भने ।

उनले प्रधानमन्त्रीको यस्तो चरित्र आफूलाई अनौठो लागेको जिकिर गरे । 'सुशासन, सामाजिक न्याय र समृद्धिको निम्ति लड्ने नेताहरूको पंक्ति पनि छ । लोकतन्त्रको निम्ति झन्डै ७० वर्षदेखि जेल, नेल, यातना थुप्रै भोगेको नेताहरूको पंक्ति पनि छ । उनीहरूको अनुभव लिन, उनीहरूसँग सहकार्य गर्न, उनीहरूसँग संवाद गर्न प्रधानमन्त्रीलाई के ले रोकेको होला ? मलाई अनौठो लाग्छ,' उनले भने- 'उहाँले मलाई बोलाएर तपाईंले पनि भ्रष्टाचारका विरुद्ध लड्छु भनेर सुरु त गर्नुभएको थियो, के ले तपाईंलाई सफल हुन दिएन भनेर सोधे पनि त हुन्थ्यो । के ले रोक्यो उहाँलाई ? आफ्नै अहंकारले रोकेको हो कि ? म पर्याप्त छु, मलाई केही चाहिँदैन भन्ने लागेको हो कि ? यदी त्यो हो भने दुर्भाग्यपूर्ण हुनेछ ।'

प्रचण्डले सुनसरीको कप्तानगञ्ज घटनाको सत्यतथ्य छानबिनको माग गरेका छन् । उनले नागरिकहरूबीच नै द्वन्द्व हुने अवस्था कसरी आयोग भनेर प्रश्न गरेका हुन् । 'सुनसरीको कप्तानगञ्जमा बोलबमको धार्मिक यात्राका सन्दर्भमा उत्पन्न विवाद चर्किएर दुःखद घटनासम्म पुग्यो, यसले कतै ठूलो साम्प्रदायिक विद्वेषको रूप लिने त होइन भन्ने चिन्ता सर्वत्र व्यक्त भइराखेको छ,' उनले भने- 'यो घटना प्रक्रियामा सुरक्षा निकायको भूमिका के कस्तो रह्यो ? के त्यहाँ त्यो स्तरको गोली चलाउनै पर्ने अवस्था थियो या थिएन ?' प्रचण्डले नेपाल राष्ट्रलाई असफल बनाउने अर्को ठूलो दुर्घटना गराउने प्रयास कसैबाट भइरहेको हुन सक्ने चिन्ता व्यक्त गरेका छन् ।

उनी भन्छन्-'यो सरकारलाई फेरि असफल सावित गर्ने, यो सरकारले पनि शान्ति सुरक्षा कायम गर्न सकेन, जनताको आर्थिक विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न सकेन, यो सरकारले पनि सुशासन कायम गर्न सकेन । त्यसकारण नेपाल राष्ट्रलाई असफल बनाउने र अर्को ठूलो दुर्घटना त हुने होइन ? भन्ने गहिरो चिन्ता व्यक्त गर्न चाहन्छु ।'

उनले वर्तमान सरकारबारे थप भने-'जसरी यो सरकार बन्ने अवस्थासम्म आयो । कतै कसैले यो मेरो चिन्ता मात्रै हो । मेरो निष्कर्ष र कसैमाथि आरोप होइन । त्यो ढंगले नलिइयोस् ।' उनले वर्तमान सरकारमा रहेकाहरू असफल हुँदा नेपाल राष्ट्र नै असफल हुने खतरा रहेको बताए । 'यसकारण यो सरकारलाई असफल हुने छुट छैन । तपाईंहरू असफल हुनुभयो भने तपाईंहरु मात्रै असफल नहुने, नेपाल राष्ट्र नै असफल हुन् खतरा छ ।' -उनले भने ।

**प्रधानमन्त्री र गृहमन्त्रीले राजीनामा दिनुपर्छ : अर्याल**

नेकपा एमालेलेले सुनसरीको देवानगञ्ज गोलीकाण्ड र त्यसबाट उत्पन्त तनावप्रति सरकारको भूमिकामा प्रश्न उठाएको छ ।

प्रतिनिधिसभा बैठकमा बोल्दै संसदीय दलकी उपनेता पद्मा अर्यालले सरकार शान्ति सुरक्षा र दंगा नियन्त्रणमा भन्दा पनि आफैं त्रास सिर्जना गर्नीतिर लागेको आरोप लगाइन् । सबै सरोकारवाला, धार्मिक अभियन्तालगायतलाई धैर्य गर्न उत्तेजना, आबेग र प्रतिशोध नसाँध्न आग्रह गर्दै अर्यालले संयमता र शान्तिमा जुट्न आव्हान गरेकी छन् ।

प्रहरीको गोली लागेर युवकको मृत्यु भएको विषयमा उनले भनिन्-'काठमाडौंमा गोली चल्दा, मान्छे मर्दा तत्कालीन प्रधानमन्त्री-गृहमन्त्री थुनामा बस्नुपर्छ, राजीनामा दिनुपर्छ भने सुनसरीमा गोली चल्दा प्रधानमन्त्री र गृहमन्त्रीले पनि राजीनामा दिनुपर्छ थुनामा बस्नुपर्नेछ । अरुलाई फौजदारी कसुर थोपर्नेहरू आज घटनाको नैतिक जिम्मेवार लिन तयार छन् कि छैनन् ?' देशमा दंगा भइरहँदा प्रधानमन्त्री गुमनाम बनेको उनको टिप्पणी छ । प्रधानमन्त्री पद सिंहदरबारमा सजाउन नबनाइएको भन्दै उनले थपिन्- जनतालाई दुः ख पर्दा नेतृत्वमा देखिनुपर्छ । जनताका बीचमा देखिनुपर्छ । जनताको सुरक्षा र मुलुकलाई सुदृढ बनाउन सरकारलाई साथ सहयोग गर्न तयार छौं । सरकार त्यो ढंगले प्रस्तुत होस् ।'

विगतमा कैलालीको टीकापुर, रौतहट गौर, नेपालगञ्जलगायतका ठाउँका घटना सम्झिँदै उनले सबैलाई एउटै मालाले एउटै सूत्रले जोडेर सामना गरेको अर्यालको भनाइ छ । सबैको प्रयत्नले जनतामा विश्वास जगाउनुपर्ने भन्दै अर्यालले सरकारले जनतालाई आशा जगाउने योजना ल्याए काँधमा काँध मिलाउन तयार रहेको बताइन् ।

**गृहमन्त्रीको शैलीप्रति रास्वपा सांसदकै असन्तुष्टी**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मधेशका सांसदहरूले गृहमन्त्री सुधन गुरुङको भूमिका माथि प्रश्न उठाएका छन् । सभापति रवि लामिछानेसँगको भेटमा मधेशका सांसदहरूले गृहमन्त्रीको शैलीप्रति गुनासो गरेका हुन् । सुनसरीबाट सुरु भएको पछिल्लो घटनाक्रममा गृहमन्त्री गुरुङले सम्बन्धित क्षेत्रका सांसदहरूसँग छलफल समेत नगरेको भन्दै असन्तुष्टि व्यक्त गरेका हुन् ।

सभापति लामिछानेसँगको भेटमा सहभागी मधेशका एक सांसदले भने-'सुनसरीबाट सुरु भएको घटना अहिले मधेशमा फैलिएको छ । त्यहाँका जिल्लाका सांसदसँग गृहमन्त्रीले कुराकानी पनि गर्नुभएको छैन । सभापतिलाई गृहमन्त्रीप्रतिको आक्रोश राख्यौं ।'

सभापति लामिछानेले पछिल्लो घटनामा संवदेनशील भएको बताएका थिए । आपसी सद्भाव कायम राख्न आफू नै मधेश जाने सोचमा समेत रहेको सभापति लामिछानेले बताएको छलफलमा सहभागी एक सांसदले जानकारी भएन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता मनिष झाले गृह प्रशासनप्रति आइरहेका प्रश्नहरू गम्भीर रहेको बताएका छन् ।

पत्रकारलाई प्रतिक्रिया दिने क्रममा नेता झाले सुनसरी घटनामा राज्यको तदारुकता पर्याप्त नभएको बताए ।

'राज्यको सक्रियता तदारुकता जति हुनुपर्थ्यो । त्यति नभएको हो कि । मृतकको परिवारले सान्तवना र क्षतिपूर्ति पाउनुपर्ने । त्यसमा कमी भएको देखिन्छ ।'-झाले भने ।

**नागरिकप्रति राज्यको चरम उपेक्षा : केसी**

नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले प्रधानमन्त्री बालेन शाहले सदनलाई उपेक्षा गरेको बताएका छन् ।

» बाँकी ३ पेजमा

## प्रधानमन्त्री र गृहमन्त्री बैठकमा अनुपस्थित

बुटवल । दुई साता स्थगित भएर बसेको प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) र गृहमन्त्री सुधन गुरुङ दुवै अनुपस्थित भएका छन् । संसद् बैठकमा भने दुवै जनाको खोजी भइराखेको थियो ।

नेपाली कांग्रेसकी सांसद बासना थापाले एउटा नेपाली युवाको मृत्यु हुँदा संवेदनशीलता कहाँ हरायो भनेर प्रश्न गरिन् । 'तपाईंले लगाएको कालो चस्माबाट मृत्यु र पीडाको रङ पनि फरक-फरक देखिन्छ र ?' उनले प्रधानमन्त्री बालेनलाई भनिन्-'सम्माननीय प्रधानमन्त्री ज्यू नेतृत्व केवल प्रशासन चलाउने विषय होइन । नेतृत्व भनेको संकटका बेलामा राष्ट्रको मनोबल सम्हाल्ने दायित्व पनि हो ।'

जब समाज डर तनाव र अविश्वासबाट गुज्रिरहेको हुन्छ । त्यतिबेला प्रधानमन्त्रीको मौनता स्वयं एउटा सन्देश बन्ने भन्दै उनले प्रधानमन्त्री बालेनको मौनता तोडिनुपर्ने बताइन् । साथै यो विषयमा गृहमन्त्री सुधन गुरुङले यो विषयप्रति संवेदनशील हुनुपर्ने बताइन् ।

नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि यो विषय संसद् बैठकमा प्रधानमन्त्री र गृहमन्त्री दुवै खोजी गरेका छन् । कांग्रेसकी सांसद रेखा कुमारी यादवले प्रश्न गरिन्-'यत्रो घटना घट्दा गृहमन्त्रीज्यू कहाँ हराउनुभयो ?'

## संयम रहन पूर्व राजा, राष्ट्रपति र पूर्व राष्ट्रपतिको अपील



बुटवल । सुनसरी लगायतका क्षेत्रमा हालै भएको आपसी द्वन्द्व र विवादप्रति पूर्वराजा ज्ञानेन्द्र शाह, राष्ट्रपति र पूर्व राष्ट्रपतिले दुःख व्यक्त गर्दै सबै नेपालीलाई संयम रहन र आपसी सद्भाव कायम राख्न आग्रह गरेका छन् ।

निर्मल निवासस्थित संवाद सचिवालयमार्फत् जारी गरिएको सद्भाव सन्देशमा सुनसरीमा भएको आपसी द्वन्द्वका कारण जनधनको क्षति भएको र त्यसको असर कोशी क्षेत्र तथा तराईका विभिन्न भागमा फैलिन गएकोमा उनले चिन्ता व्यक्त गरेका हुन् । नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषता भएको देश भएको र यही विविधता नै देशको गौरव तथा पहिचान भएकाले यसमा कसैले पनि खलल पार्न नहुनेमा उनले जोड दिएका छन् ।

नेपाली समाज सधैं आपसी मेलमिलाप र सद्भावमा बस्दै आएको उल्लेख गर्दै, देशको मौलिक मान्यताविपरीत यस्ता अवाञ्छित घटनाहरू हुनु चिन्ताको विषय भएको बताइएको छ ।

'यो हाम्रो मौलिक मुल्य र मान्यता विपरितको विषय हो । त्यसैले जुनसुकै भू-भागमा रहे बसेका जो कोही पनि हामी नेपाली मिलौं । हाम्रो यही आग्रह छ । यही आजको आवश्यकता हो ।'- विज्ञप्तिमा उल्लेख गरिएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले सुनसरीसहित मधेशका विभिन्न ठाउँमा देखिएको विषम परिस्थितिप्रति चिन्ता व्यक्त गर्दै सदियौंदेखि रहिआएको सामाजिक, धार्मिक, जातीय सद्भाव, सहिष्णुता, मेलमिलाप, भ्रातृत्व र राष्ट्रिय एकता कायम अपिल गरेका छन् ।

» बाँकी ३ पेजमा

## लुम्बिनीको मुख्यमन्त्रीमा आचार्य नै



बुटवल । लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्रीमा चेतनारायण आचार्यले नै निरन्तरता पाउने भएका छन् । नेकपा एमाले र नेकपाबिच केन्द्रमा भएको तीन बुंदे सहमतिमा लुम्बिनी प्रदेश सरकारको नेतृत्व एमालेले गर्ने उल्लेख थियो । एमालेले नेतृत्व पाउने सहमति भए पनि आचार्यलाई निरन्तरता दिने कि अर्कोलाई बनाउने भन्ने प्रष्ट भएको थिएन ।

मुख्यमन्त्रीका लागि एमालेभित्र वर्तमान मुख्यमन्त्री चेतनारायण आचार्य, पूर्व मुख्यमन्त्री लिला गिरी, पूर्वमन्त्री भूमिश्वर ढकाल, संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठले आकांक्षा राखेर लबिइङ गरेका थिए । यसबिचमा पार्टी पुनर्गठनको विषयमा अध्यक्ष केपी ओलीको पक्षमा उभिएका पुर्व मन्त्री भूमिश्वर ढकाललाई मुख्यमन्त्री बनाउन ओलीले चाहेका समाचारहरु सार्वजनिक भएका थिए । तर त्यसप्रति प्रदेशमा पार्टीभित्र चर्को विरोध र असन्तुष्टि उत्पन्न भएको थियो ।

मुख्यमन्त्री आचार्य काठमाडौं पुगेर अध्यक्ष ओलीलाई भेट गरेपछि ओलीले आफैंलाई मुख्यमन्त्रीमा निरन्तरता दिन सहमत भएको आचार्यले बताए । मुख्यमन्त्री आचार्यसंगै पूर्व मुख्यमन्त्री लीला गिरी पनि अध्यक्ष ओली लगायत नेताहरुलाई भेट्न गुण्डु पुगेका थिए । ओलीले मुख्यमन्त्री चेतनारायण आचार्य र लिला गिरीलाई संगै राखेर छलफल गर्ने भनेर बोलाएका थिए ।

गिरी निर्धारित समयभन्दा केही बेरपछि पुगेका थिए । तर चेतनारायण अझ ढिलो पुगे । बिहीबार बिहान १०:३० का लागि समय तय भएको थियो । चेतनारायण दाङबाट भैरहवा हुँदै काठमाडौं पुग्दा केही ढिलो भयो । त्यतिबेलासम्म ओली र गिरीको बीचमा केहीबेर कुराकानी भयो ।

केहीबेरपछि आचार्य पुगे । गिरी र आचार्यबिच सामान्य कुराकानी भयो । लगत्तै ओली निवास गुण्डुमा पुगे महासचिव शंकर पोखरेल । ओली र महासचिव भेटेको केही बेरमा उपाध्यक्ष विष्णुप्रसाद पौडेल पुगे । तीनजनाका बीचमा पार्टी पुनर्गठन प्रतिबेदनबारे छलफल गरेपछि गिरीलाई र आचार्यलाई पनि भित्र बोलाएर ओली बाहिर निस्किए । पौडेल, पोखरेल, गिरी र आचार्यका बीचमा केहीबेर छलफल भयो ।

» बाँकी ३ पेजमा


## सार्वजनिक सूचना

### विज्ञापन प्रकाशन सम्बन्धी दररेट

बुटवलबाट प्रकाशित लुम्बिनी राष्ट्रिय दैनिक, **मेचीकाली राष्ट्रिय दैनिक, बुटवल टुडे राष्ट्रिय दैनिक, दैनिक पत्र राष्ट्रिय दैनिक र नवतिलोत्तमा दैनिकको मिति २०८३ साल साउन ७ गतेदेखि लागू हुने गरी विज्ञापन प्रकाशनसम्बन्धी न्यूनतम दररेट कायम गरिएको सबैमा जानकारी गराइन्छ ।**
**यस व्यवस्थाबाट विज्ञापनदाताहरूलाई समान, पारदर्शी, विश्वसनीय तथा व्यवस्थित सेवा उपलब्ध हुने विश्वास लिएएको छ ।**

### न्यूनतम विज्ञापन दररेट (संक्षेपमा)

| | विज्ञापन तथा सूचना | न्यूनतम दर |
|---|---|---|
| १. | हार्दिक बधाई तथा शुभकामना, समवेदना, श्रद्धाञ्जली तथा व्यवसायिक विज्ञापन | रु.१०० ( प्रति सी. सी.) |
| २. | हराएको सम्बन्धी सूचना (राहदानी, नागरिकता, बीमा, शैक्षिक प्रमाणपत्र आदि तथा अदालत, कम्पनी रजिष्ट्रार, बैंक तथा वित्तीय संस्था, कानुनी, सार्वजनिक, आवश्यकता तथा सहकारी सम्बन्धी सूचना | रु.३,००० (प्रति सूचना) |
| ३. | सरकारी तथा सार्वजनिक खरिद, बोलपत्र, आशयपत्र तथा प्रस्ताव आवहान सम्बन्धी सूचना | विज्ञापन बोर्डबाट स्वीकृत दररेटअनुसार |
| ४. | बैंक तथा वित्तीय संस्थाका कर्जा तथा धितो लिलामी सूचना | रु.१०० (प्रति सी.सी.) |
| ५. | सरकारी तथा स्थानीय तहका जनहितका सूचना तथा वन सम्बन्धी सूचना र पेन्सनपट्टाको सूचना | ५,००० (न्यूनतम) |

**उल्लेखित दररेटमा प्रचलित कानून बमोजिम लाग्ने कर तथा मूल्य अभिवृद्धि कर (भ्याट) अतिरिक्त लाग्ने छ ।**



**लुम्बिनी राष्ट्रिय दैनिक, मेचीकाली दैनिक, बुटवल टुडे राष्ट्रिय दैनिक, र नवतिलोत्तमा दैनिक पत्रिकाहरुको ग्राहक शुल्क २०८३ साल श्रावण महिनादेखि लागू हुने गरी प्रतिदिन रु. १० (दश रुपैयाँ) कायम गरिएको छ ।**

**बुटवलबाट प्रकाशित राष्ट्रिय दैनिक पत्रिकाहरू**

लुम्बिनी | मेचीकाली राष्ट्रिय दैनिक | दैनिक पत्र राष्ट्रिय दैनिक | बुटवल टुडे | तिलोत्तमा राष्ट्रिय दैनिक

## सम्पादकीय

# गृहमन्त्रीको भूमिकामाथि प्रश्न

मुलुकको सुरक्षा व्यवस्था खल्वलिएपछि विवादास्पद छविका गृहमन्त्रीको भूमिकामाथि प्रश्न उब्जिएको छ । गृहप्रशासनलाई जिम्मेवार र मर्यादित शैलीमा चलाएर थिति बसाल्नुको साटो चटपटे शैलीले गृहप्रशासन थिलोथिलो भएको भन्दै उनको चर्को आलोचना भएको छ । गंभीरता र जवाफदेहिताको अभाव झल्कने उनको स्वभाव देखिन्छ, यो कार्यशैलीगत समस्या मात्रै नभई उनको संदिग्ध भूमिका पनि छताछुल्ल भएको छ ।

छापामार शैलीमा तराई मधेसका विभिन्न जिल्ला घुमेर आएको साता नबित्दै मधेशमा आगो बल्नुले कतै उनको भूमिकाले काम त गरेको छैन् ? मधेशमा चर्केको हिंसाले तीन जनाको ज्यान गइसकेको छ, सुनसरी, सिरहा, सप्तरी र पर्साका विभिन्न क्षेत्रमा कफ्र्यू लागेको छ । कफ्र्यूको उल्लंघन गर्दै प्रदर्शनकारी सडकमा उत्रदा सुरक्षा चुनौती बढेको छ । सुरक्षा संवेदशिलता बढ्दै जाँदा उनको कार्यक्षमतामाथि पनि प्रश्न उठेको छ । अरु बेला बेलगाम फिल्डमा देखिने गृहमन्त्री मधेशमा आगो बल्दा मौन रहनु रहस्यमय छ । गृहमन्त्रीको काम विधिमा टेकेर थिति बसाल्ने हो चटपटे शैलीमा सीमा नाकामा डुल्दै हिंड्ने र प्रहरीको हवल्दारलाई आदेश दिँदै हिंड्ने होइन् । हवल्दारलाई आदेश दिने प्रहरीको माथिल्लो हाकिमले हो । प्रहरीलाई व्यवसायिक ढंगले काम गर्ने वातावरण बनाउन सक्दा मात्रै गृहमन्त्रीको सफलता ठहरिन्छ । प्रधानमन्त्रीले प्रिय ठानेर मात्रै हुन्न, गृहमन्त्रीलाई जोगाउने उनको काम र कार्यशैलीले हो । गृहप्रशासन फितलो मात्रै होइन्, भताभुंग भएपछि गृहमन्त्री मात्रै होइन्, सरकार नै असफल हुने जोखिम हुन्छ । प्रधानमन्त्रीले यो परिस्थितिको मूल्याङ्कन गर्नुपर्छ ।

मधेसमा साम्प्रदायिक हिंसा बढ्नु र काठमाडौंमा दलाई लामाको जन्मदिन मनाउन गृहप्रशासनले स्वीकृति दिने विषय सामान्य होइनन् । दलाई लामाको जन्मदिन बनाउन कुन आधारमा गृहप्रशासनले स्वीकृति दियो ? मुलुकको एक चीन नीतिविरुद्धका कार्यक्रमलाई सरकारले किन मलजल गरिरहेको छ ? कुन शक्तिले यस्तो काम गर्न उक्साइरहेको छ ? यो विषयको संवेदनशिलतालाई प्रधानमन्त्रीले पनि हेक्का राखेको पाइएन् । साम्प्रदायिक हिंसालाई राजनैतिक ढंगले समाधानको प्रयत्नमा ढिलाइ हुँदा गृहप्रशासनको भूमिका कमजोर देखिएको छ । गृहमन्त्री गुरूङकै कारण मिडियाको कार्यालय अगाडि शंकास्पद गाडी पार्किङ् गरेर आतंकित पार्ने काम भयो । सुकुम्वासी व्यवस्थापनमा सरकार चुकेकै थियो, प्रहरी दमन गरेर आक्रोशित पार्ने काम भयो । अहिले माइतीघर मण्डलामा दिनहुँ प्रर्दशन भइरहेको छ, गृहप्रशासनलाई चुस्त बनाउने समस्या समाधानमा पहलकदमी भइरहेको छैन ।

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



काठमाडौं । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार दोहोरो अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १६ दशमलव २९ अङ्कले घटेर दुई हजार ६७२ दशमलव ५८ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३१ अङ्कले घटेर ४६७ दशमलव ६९ पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ९७ अङ्कले घटेर १८३ दशमलव ५९ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शूल्य दशमलव ७७ अङ्कले घटेर १५८ दशमलव ५० मा पुगेको छ ।

विभिन्न कम्पनीका ७५ लाख ४८ हजार ५९१ कित्ता सेयर रु तीन अर्ब ३८ करोड १३ लाख १८ हजार २४८ मूल्यमा खरिद बिक्री भएको छ । १३ उपसमूहमध्ये १३ वटै उपसमूह घटेका छन् । ५९ कम्पनीको सेयर बढ्यो भने २०६ कम्पनीको सेयर घट्यो । त्यसैगरी ११ कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, सेन्ट्रल फाइनान्स कम्पनी, सुभम पावर कम्पनीका लगानीकर्ताले कमाएका छन् । त्यस्तैगरी कालिञ्चोक हाइड्रोपावर कम्पनी, कर्पोरेट डेभलपमेन्ट बैंक र सोलु हाइड्रोपावर कम्पनीका लगानीकर्ताले गुमाएका छन् ।

# नेपालमा तरलता वृद्धि, लगानी सङ्कुचन र केन्सियन दृष्टिकोण



ईन्द्रप्रसाद भुसाल



नेपालको अर्थतन्त्र अहिले एउटा गम्भीर विरोधाभासको बिचमा उभिएको छ । बैंकिङ प्रणालीमा प्रशस्त लगानीयोग्य रकम छ । नेपाल राष्ट्र बैंकले बारम्बार अतिरिक्त तरलता व्यवस्थापन गर्न निक्षेप संकलनका उपकरण प्रयोग गरिरहेको छ । बैंक तथा वित्तीय संस्थाहरूमा ठूलो परिमाणमा अधिक तरलता रहेको छ । कर्जा ब्याजदर विगतका तुलनामा उल्लेखनीय रूपमा घटेको छ । तर, यति धेरै वित्तीय स्रोत उपलब्ध हुँदाहुँदै पनि निजी क्षेत्रतर्फ कर्जा प्रवाह अपेक्षित रूपमा बढ्न सकेको छैन । उद्योग विस्तार सुस्त छ, नयाँ लगानी न्यून छ, उत्पादनको वृद्धि कमजोर छ र रोजगारी सिर्जनाको गति सन्तोषजनक देखिएको छैन । सामान्य अर्थशास्त्रको सिद्धान्तले ब्याजदर घटेपछि लगानी बढ्नुपर्ने बताउँछ । ब्याजदर घटदा पुँजीको लागत सस्तो हुन्छ । शास्त्रीय अर्थशास्त्रले ब्याजदर र लगानी बिच नकारात्मक सम्बन्धको व्याख्या गर्छ, तर आधुनिक अर्थशास्त्रले ब्याजदर घट्नु मात्र लगानी बढ्ने पर्याप्त आधार होइन भन्ने कुराको व्याख्या गर्दछ । नेपालको बैंकिङ प्रणालीमा रहेको अधिक तरलता उत्पादनमूलक क्षेत्रमा प्रवाहित हुन नसक्नुले वर्तमान  नेपालको समस्या पुँजीको अभाव होइन, लगानीको वातावरण, लगानीको सुरक्षा र भविष्यप्रतिको विश्वासको अभाव हो भन्ने प्रस्ट देखिन्छ ।

हाल नेपालमा देखिएको समस्याको उत्तर लगभग नौ दशकअघि बेलायती अर्थशास्त्री जोन मेनार्ड किन्स को बिचार सग मेल खान्छ । सन् १९३६ मा प्रकाशित The General Theory of Employment, Interest and Money मा उनले आर्थिक मन्दीको मूल कारण ब्याजदर मात्र नभई समग्र माग -Aggregate Demand_, व्यवसायीको आत्मविश्वास (Animal Spirits) र लगानीबाट अपेक्षित प्रतिफल (Expected Rate of Return) भएको तर्क प्रस्तुत गरेका थिए । किन्सको विचार आज पनि नेपालजस्तो अर्थतन्त्रका लागि अत्यन्त सान्दर्भिक देखिन्छ । सन् १९२९ को विश्वव्यापी महामन्दीपछि विश्वका विकसित मुलुकहरूका बैंकहरुमा प्रशस्त पैसा थियो, श्रमबजारमा प्रशस्त श्रमिक हरु उपलब्ध थिए, उद्योग स्थापना गर्ने क्षमता पनि थियो, तर निजी क्षेत्रले लगानी गर्न चाहेन किनभने बजारमा माग थिएन, भविष्यप्रति विश्वास थिएन र लगानीबाट उचित प्रतिफल प्राप्त हुने सुनिश्चितता थिएन । किन्सले यही अवस्थालाई आर्थिक मन्दीको केन्द्रबिन्दु माने । कउनका अनुसार लगानीको निर्णय केवल ब्याजदरले गर्दैन । कुनै पनि उद्यमीले सबैभन्दा पहिले आफ्नो लगानीको पाँच वा दश वर्षपछि उचित प्रतिफल प्राप्त हुन्छ कि हुँदैन ? भन्ने कुरामा ध्यान दिएको हुन्छ । लगानीका धेरै कारणहरु मध्ये ब्याजदर एउटा गौण कारण मात्रै हो ।

किन्सले प्रयोग गरेको Animal Spirits भन्ने अवधारणा आजको नेपालको सन्दर्भमा विशेष महत्त्वपूर्ण छ । यसको अर्थ व्यवसायीको आत्मविश्वास, भविष्यप्रतिको आशा र जोखिम उठाउने मानसिकता हो । लगानी गणित मात्र होइन, विश्वासको विषय पनि हो । जब उद्यमीले नीतिगत स्थिरता, कानुनी सुरक्षा र बजारको भविष्यमा भरोसा गर्छ, तब मात्र नागरिकहरुमा औधोगिक सोचको जन्म हुन्छ र नयाँ उद्योग खोल्छन्, उत्पादन विस्तार गर्छन् अनि बैंकबाट कर्जा लिन्छ । तर जब नीति अनिश्चित हुन्छ, कर प्रणाली पटक-पटक परिवर्तन हुन्छ, प्रशासनिक प्रक्रिया जटिल हुन्छ र बजार माग कमजोर हुन्छ तब सस्तो ब्याजदरले पनि लगानीलाई आकर्षित गर्न सक्दैन ।

नेपालका बैंकहरू ब्याजदर घटाएर कर्जा दिन तछाडमछाड गरिरहेको भएता पनि व्यवसायीहरु कर्जा लिन उत्साहित छैनन् । लगानीकर्ताले आफ्नो पूँजी सुरक्षित हुने, उद्योग सञ्चालनमा अनावश्यक अवरोध नआउने, कर नीति स्पस्ट रहने र कानुनी संरक्षण प्राप्त हुने विश्वास पनि खोज्छ । आधुनिक अर्थशास्त्रमा यसलाई Investment Security अर्थात् लगानी सुरक्षा भनिन्छ । लगानी सुरक्षाले केवल सम्पत्तिको कानुनी संरक्षण मात्र नभै नीतिगत स्थिरता, कर प्रणालीको पूर्वानुमेयता, सम्झौताको कार्यान्वयन, न्यायिक विश्वसनीयता, प्रशासनिक पारदर्शिता र राजनीतिक स्थिरतालाई समेत समेट्छ । कानुनी र नीतिगत पक्ष कमजोर भएमा लगानीकर्ताले लगानि मा जोखिम बढी देख्छन् र लगानी स्थगित गर्दछन् । कुनै पनि उद्यमीले बैंकको ब्याजदर मात्र होइन आफ्नो उद्योगबाट प्राप्त हुने सम्भावित आम्दानी (Expected Rate of Return )अर्थात् लगानीबाट अपेक्षित प्रतिफल र नाफाको पनि मूल्याङ्कन गर्छ । लगानीबाट अपेक्षित प्रतिफल बैंकको कर्जाको लागतभन्दा उल्लेखनीय रूपमा बढी छैन भने उसले लगानी नगर्ने निर्णय लिन सक्छ किन्सले यो कुरालाई (Marginal Efficiency of Capital (MEC) अर्थात् पूँजीको सीमान्त दक्षताको अवधारणाबाट व्याख्या गरेका थिए । नेपालमा पुँजीबाट अपेक्षित प्रतिफल निरन्तर घटिरहेको छ यस्तो अवस्थामा ब्याजदर जतिसुकै घटे पनि लगानी विस्तार हुँदैन । प्रतिव्यक्ति आम्दानी कम छ, जनताको क्रयशक्ति अत्यन्त कम रहेकोले बजारमा समग्र माग अत्यन्त कमजोर देखिएको छ, यस्तो अवस्थामा उत्पादित बस्तुको बिक्रीको सुनिश्चितता छैन, कमजोर भैतिक पूर्वाधारको कारणले आयातित वस्तुसँग प्रतिस्पर्धा कठिन छ, औद्योगिक, नीतिगत अन्योलता कायमै रहेकोले धेरै उद्योगीले नयाँ लगानीभन्दा विद्यमान व्यवसाय जोगाउने रणनीति अपनाइरहेका देखिन्छ । आधुनिक वित्तीय अर्थशास्त्रले पनि यही निष्कर्षलाई थप बल दिएको छ । Risk–Return Trade–off सिद्धान्त अनुसार लगानीकर्ताले जोखिम र प्रतिफललाई सँगै मूल्याङ्कन गर्छ । यदि जोखिम धेरै छ भने प्रतिफल पनि उल्लेखनीय हुनुपर्छ । तर नेपालको सन्दर्भमा जोखिम बढ्दो छ भने प्रतिफलको सुनिश्चितता घट्दो छ । यस्तो अवस्थामा ब्याजदर घट्नुले मात्र लगानीलाई आकर्षित गर्न सक्दैन ।

विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) तथा OECD का अध्ययनहरूले पनि निजी क्षेत्रको लगानी विस्तारमा नीति स्थिरता, नियामकीय स्पष्टता र कानुनी विश्वसनीयताको भूमिका ब्याजदरभन्दा धेरै महत्त्वपूर्ण हुने कुराको निष्कर्ष दिएका छन् । लगानीकर्ताले दीर्घकालिन नीतिगत स्पस्टता हेरेर लागानीको निर्णय गर्दछन् ।

नेपालको वर्तमान आर्थिक अवस्थालाई केवल मौद्रिक नीतिको दृष्टिकोणबाट मात्र विश्लेषण गर्नु पर्याप्त हुँदैन । बैंकमा रहेको अधिक तरलता र घट्दो ब्याजदरभन्दा पनि ठूलो प्रश्न भनेको निजी क्षेत्रले भविष्यप्रति किन विश्वास गर्न सकेको छैन भन्ने हो । यही प्रश्नको उत्तर खोज्नु नै आजको आर्थिक नीतिको सबैभन्दा महत्वपूर्ण कार्य हो ।

नेपालको वर्तमान आर्थिक अवस्थालाई केन्सले प्रतिपादन गरेको “Liquidity Trap” (तरलताको जाल) को अवधारणाबाट पनि बुझ्न सकिन्छ । तरलताको जाल भनेको यस्तो अवस्था हो, जहाँ बैंकिङ प्रणालीमा प्रशस्त तरलता हुन्छ, ब्याजदर न्यून हुन्छ, तर पनि लगानी र आर्थिक गतिविधि विस्तार हुँदैन । सामान्य अवस्थामा ब्याजदर घटेपछि कर्जा बढ्नुपर्छ, तर जब भविष्यप्रतिको विश्वास कमजोर हुन्छ, बजार माग सुस्त हुन्छ र लगानीबाट उचित प्रतिफल प्राप्त हुने सम्भावना न्यून हुन्छ, तब मौद्रिक नीतिको प्रभाव सीमित हुन पुग्छ । नेपालमा आज देखिएको अवस्था धेरै हदसम्म यही प्रकृतिको छ । बैंकहरू कर्जा दिन इच्छुक छन्, तर निजी क्षेत्र कर्जा लिन इच्छुक छैन । यसको अर्को प्रमुख कारण प्रभावकारी माग (Effective Demand) को अभाव हो । नेपालको बजार अहिले कमजोर उपभोग, सीमित औद्योगिक उत्पादन र न्यून रोजगारीको चक्रमा अल्झिएको छ । नागरिकको खर्चयोग्य आय अपेक्षित रूपमा बढ्न सकेको छैन । सरकारले पुँजीगत बजेट समयमै खर्च गर्न नसक्दा निर्माण क्षेत्र सुस्त बनेको छ । निर्माण क्षेत्र सुस्त हुँदा सिमेन्ट, फलाम, यातायात, बैंकिङ, बिमा र श्रम बजार सबै प्रभावित हुन्छन् । जब आय घट्छ, उपभोग घट्छ, उपभोग घटेपछि उत्पादन घट्छ, उत्पादन घटेपछि उद्योगीले विस्तार गर्दैनन्; विस्तार नगरेपछि बैंकबाट कर्जा लिँदैनन् । यही दुष्चक्रलाई किन्सले आर्थिक मन्दीको मुख्य कारण मानेका थिए ।

नेपालमा अर्को गम्भीर समस्या लगानीको सुरक्षा (Investment Security) सँग सम्बन्धित छ । कुनै पनि उद्यमीका लागि पुँजीको लागतभन्दा पुँजीको सुरक्षा बढी महत्त्वपूर्ण हुन्छ । यदि कुनै उद्योगीले आफ्नो उद्योग सञ्चालन गर्दा कर नीति पटक-पटक परिवर्तन हुने, कानुनी विवाद वर्षौंसम्म समाधान नहुने, प्रशासनिक निर्णय पूर्वानुमान गर्न नसकिने, सरकारी निकायबिच समन्वय नहुने वा लगानीको प्रतिफल राजनीतिक निर्णयबाट प्रभावित हुने अवस्था देख्छ भने उसले स्वाभाविक रूपमा नयाँ लगानी स्थगित गर्छ । त्यसैले लगानीको निर्णय ब्याजदरले मात्र होइन, जोखिम (Risk) र प्रतिफल (Return) को संयुक्त मूल्याङ्कनले निर्धारण गर्छ । आधुनिक अर्थशास्त्रमा यसलाई Risk–Return Trade–off भनिन्छ । यदि लगानीको जोखिम बढ्छ भने लगानीकर्ताले उच्च प्रतिफलको अपेक्षा गर्छ तर नेपालको सन्दर्भमा अवस्था उल्टो देखिन्छ । जोखिम बढिरहेको छ, तर अपेक्षित प्रतिफल घटिरहेको छ । बजार सानो छ, उपभोग कमजोर छ, उत्पादन लागत उच्च छ, ऊर्जा तथा पूर्वाधारका समस्या अझै पूर्णरूपमा समाधान भएका छैनन् । यस्तो अवस्थामा व्यवसायीले बैंकको ब्याजदर २-३ प्रतिशतमा ओर्लिएको आधारमा मात्र ठूलो लगानी गर्ने सम्भावना कम हुन्छ । अर्थशास्त्रीहरू Expected Rate of Return अर्थात् लगानीबाट प्राप्त हुने अपेक्षित प्रतिफललाई ब्याजदरभन्दा बढी निर्णायक मान्छन् । यदि कुनै उद्योगबाट वार्षिक १५ प्रतिशत प्रतिफल प्राप्त हुने सम्भावना छ भने उद्यमीले ९-१० प्रतिशत ब्याजदरमा पनि कर्जा लिन सक्छन् तर यदि उसलाई ५-६ प्रतिशत प्रतिफल मात्र हुने अनुमान छ भने ६ प्रतिशत ब्याजदर पनि महँगो लाग्न सक्छ । यसैले लगानीको निर्णय अन्तत भविष्यको बजार र नाफाप्रतिको विश्वासमा आधारित हुन्छ ।

नेपालको अर्थतन्त्रमा पछिल्ला वर्षहरूमा देखिएको अर्को चिन्ताजनक संकेत पुँजी पलायन (Capital Flight) को सम्भावित जोखिम हो । जब स्वदेशमा लगानीको वातावरण कमजोर हुन्छ करका दरहरू अनावश्यक तरिकाले परिवर्तन भइरहन्छन्, नितीगत अस्थिगरता रहिरहन्छ । नीति अस्थिर हुन्छ र प्रतिफल अनिश्चित हुन्छ, तब पुँजी स्वाभाविक रूपमा सुरक्षित तथा बढी प्रतिफल दिने गन्तव्य खोज्न थाल्छ । यसले वैदेशिक सम्पत्ति खरिद, विदेशमा उद्योग स्थापना, विदेशी वित्तीय बजारमा लगानी वा अन्य वैधानिक माध्यमबाट पुँजी बाहिरिने प्रवृत्तिलाई बढावा दिन सक्छ । पुँजी पलायन कुनै पनि विकासोन्मुख अर्थतन्त्रका लागि गम्भीर चुनौती हो, किनकि यसले स्वदेशमा रोजगारी, उत्पादन र कर आधारलाई कमजोर बनाउँछ ।

नेपालको अर्थतन्त्रको अर्को संरचनात्मक कमजोरी भनेको विप्रेषणमा अत्यधिक निर्भरता हो । विप्रेषणले बैंकिङ प्रणालीमा तरलता बढाएको छ, तर त्यो तरलता उत्पादनमूलक क्षेत्रमा रूपान्तरण हुन सकेको छैन । विप्रेषणबाट आएको पुँजी उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि वा निर्यातमुखी क्षेत्रमा परिचालन हुन सकेको भए आज बैंकमा निष्क्रिय तरलता थुप्रिने अवस्था आउने थिएन । लगानिका लागि वित्तीय स्रोतको उपलब्धताभन्दा त्यसको उत्पादक उपयोग बढी महत्त्वपूर्ण हुन्छ । किन्सको दृष्टिकोणबाट हेर्दा अहिले नेपाललाई ब्याजदर घटाउनेभन्दा बढी विश्वास पुनःस्थापना गर्ने आर्थिक नीति आवश्यक छ । सरकारले सबैभन्दा पहिले पुँजीगत खर्चलाई समयमै कार्यान्वयन गर्नुपर्छ । सार्वजनिक खर्चले बजारमा माग सिर्जना गर्छ, रोजगारी बढाउँछ र निजी क्षेत्रलाई उत्पादन विस्तार गर्ने आधार दिन्छ । यही गुणक प्रभाव (Multiplier Effect) ले अर्थतन्त्रलाई पुन चलायमान बनाउँछ । पुँजीगत खर्च व्यवस्थित र समयमा हुन नसक्नु पनि बैकिकङ्ग तरलता बढ्नुको कारण हो ।

त्यसैगरी, कर प्रणालीलाई स्थिर, सरल र पूर्वानुमेय बनाउनु आवश्यक छ । लगानीकर्ताले पाँच वा दश वर्षसम्म आफ्नो व्यवसाय कुन नीतिमा सञ्चालन हुन्छ भन्ने अनुमान गर्न सक्नुपर्छ । नीतिगत अस्थिरता कुनै पनि अर्थतन्त्रका लागि अदृश्य कर (Invisible Tax) जस्तै हो, जसले लगानीलाई निरुत्साहित गर्छ । कानुनी शासन, सम्पत्ति अधिकारको सुरक्षा, छिटो न्याय सम्पादन, प्रशासनिक पारदर्शिता र नियामकीय स्पष्टता पनि लगानी विस्तारका आधारभूत सर्त हुन् । लगानीकर्ता बैंकबाट सस्तो कर्जा पाउनेभन्दा पहिले आफ्नो लगानी सुरक्षित छ भन्ने विश्वास खोज्छ । यही कारणले विकसित मुलुकहरूले लगानीमैत्री संस्थागत संरचनालाई आर्थिक विकासको मेरुदण्ड मानेका छन् ।

नेपाल राष्ट्र बैंकको भूमिका पनि यस सन्दर्भमा महत्वपूर्ण छ । मौद्रिक नीतिले वित्तीय स्थायित्व कायम राख्नुका साथै उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाहलाई प्रोत्साहन गर्नुपर्छ । तर केन्द्रीय बैंकले मात्र अर्थतन्त्र चलाउन सक्दैन । यदि सरकारको वित्तीय नीति, पुँजीगत खर्च, औद्योगिक नीति र लगानी नीति एकअर्कासँग समन्वित भएनन् भने मौद्रिक नीतिको प्रभाव सीमित रहन्छ । त्यसैले आज नेपाललाई समन्वित आर्थिक व्यवस्थापन (Policy Coordination) को आवश्यकता छ । नेपालको वर्तमान सङ्कुचित लगानिको अवस्थाले लगानिका लागि सस्तो ब्याजको पैसा मात्र पर्याप्त हुँदैन, लागानीकालागि सुरक्षित लगानी, उचित प्रतिफल र स्थिर आर्थिक वातावरण अझ महत्त्वपूर्ण हुन्छ भन्ने महत्वपुर्ण सन्देश दिएको छ ।

लगानीका लागि ब्याजदरको बहसभन्दा माथि उठेर लगानी सुरक्षा, नीतिगत स्थिरता, प्रभावकारी सार्वजनिक खर्च, निजी क्षेत्रको विश्वास, उच्च प्रतिफलयुक्त उत्पादनशील क्षेत्रको विकास र संस्थागत सुधार मा केन्द्रित हुन जरुरी छ । जब लगानीकर्ताले आफ्नो पुँजी सुरक्षित छ, बजार विस्तार हुँदैछ, सरकारको नीति स्थिर छ र लगानीबाट उचित प्रतिफल प्राप्त हुन्छ भन्ने विश्वास गर्छ, तब बैंकमा थन्किएको तरलता स्वभाविक रूपमा उद्योग, कृषि, पर्यटन, ऊर्जा र सूचना प्रविधिजस्ता क्षेत्रमा प्रवाहित हुनेछ । किन्सको आर्थिक दर्शनको सार पनि यही हो । आर्थिक समृद्धिको आधार केवल सस्तो कर्जा होइन, विश्वास, प्रभावकारी माग, सुरक्षित लगानी र उत्पादनशील अर्थतन्त्र हो । नेपालको वर्तमान चुनौती र सम्भावनालाई हेर्दा यो विचार आज पनि उत्तिकै सान्दर्भिक र मार्गदर्शक देखिन्छ ।

# राहत शिक्षकलाई नहटाउन चेतावनी



बुटवल । नेपाल राहत शिक्षक राष्ट्रिय समितिका अध्यक्ष विष्णु खत्रीले सरकारले राहत शिक्षकहरूलाई ‘अयोग्य बिल्ला’ भिराएर सेवाबाट बाहिर पठाउने प्रयास गरिरहेका भन्दै त्यसो गर्न खोजिए मान्य नहुने चेतावनी दिएका छन् ।

बिहीबार काठमाडौँमा आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो चेतावनी दिएका हुन् । उनले राहत शिक्षकहरूको स्थायी व्यवस्थापन, पेशागत सुनिश्चितता र सामाजिक सुरक्षाका विषयमा विगतमा सरकारले पटक-पटक सम्झौता गरेपनि कार्यान्वयन नगरेको उल्लेख गरे । उनले मुलुकको शैक्षिक क्षेत्र संकटमा रहेका बेला राहत शिक्षकको व्यवस्था गरिएको स्मरण गराउँदै त्यसयता शिक्षा नियमावलीअनुसार नियुक्त राहत शिक्षकहरूले निरन्तर सेवा दिँदै आएको बताए ।

उनले ४० हजार राहत शिक्षक एकजुट भएर आफ्ना माग पुरा गराउन सफल हुने भन्दै आफूहरुलाई सरकारविरुद्ध आन्दोलनमा उत्रिने वातावरण सिर्जना नगर्न सरकारलाई चेतावनी दिए । उनले सरकारले विगतमा शिक्षकहरूसँग गरेका सम्झौता र सहमतिको कार्यान्वयन गर्न समेत माग गरे । अध्यक्ष खत्रीले भने-‘हामी सबै ४० हजार राहत शिक्षकहरू गोलबन्द भएर अगाडि लाग्यौँ भने राज्यलाई हामी हाम्रा माग मुद्दाको बारेमा र सम्पूर्ण ४० हजार राहत शिक्षकको स्थायी व्यवस्थापनको बारेमा घुँडा टेकाउन पनि सक्छौँ । त्यो अवस्था आउन राज्यले हामीलाई बाध्य नबनाओस्। आज अयोग्यताको बिल्ला भिराएर चाहिँ बाहिर पठाउने किसिमको दुष्प्रयास राज्यबाट भइरहेको छ, यो कदापि सह्य हुँदैन ।’

उनले अब बन्ने शिक्षा ऐनमा राहत शिक्षकहरूको स्थायी व्यवस्थापन र कम्तीमा ६० वर्षसम्म पेशागत निरन्तरता दिने कुराको सुनिश्चितता गरिनुपर्ने बताए ।

---

**प्रधानमन्त्री ...**

प्रतिनिधिसभाको बैठकमा बोल्दै अहिलेसम्म प्रधानमन्त्री ७ दिनमा लगभग २ देखि ३ घण्टा संसद्मा उपस्थित भएको बताए ।

उनले भने-‘स्पष्टीकरणको माग निरन्तर उठ्दा भ्रमको उपेक्षाले संसद्को चरम अपमान, अत्यधिक बहुमत र ठूलो आशा, भरोसासाथ बहुमतमा आएको सरकारको नयाँपन भनेको संसदीय प्रक्रियाबाट होइन, फेसबुक स्टाटस बाट चल्ने हो ? यो बारेमा अहिले आम जनता पनि जान्न चाहन्छन् ।’

नागरिकप्रति राज्यको चरम उपेक्षा, आत्मदाह र आत्महत्याको बढ्दो क्रम, कप्तानगन्जको गोली काण्ड र सेना परिचालनको स्थिति हेर्दा धर्म, सम्प्रदाय र संस्कृति बीचको एकता र विशिष्टतालाई गम्भीर चुनौती बनेको बताए ।

उनले सुकुम्वासी, लघुवित्त पीडित बिचल्ली, महँगी र आर्थिक मन्दीले जनजीवन कष्टकर बन्दै गएको बताए ।

**प्रधानमन्त्री र गृहमन्त्रीले घटनाको जिम्मेवारी लिनुपर्छ : महर**

नेकपा एमालेका प्रमुख सचेतक ऐन महरले सुनसरी घटनाको जिम्मेवारी प्रधानमन्त्री बालेन शाह र गृहमन्त्री सुधन गुरुङले लिनुपर्ने बताएका छन् । संसद् भवन परिसरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै यो विषयमा प्रधानमन्त्री र गृहमन्त्रीको जवाफ खोजे । उनले भने-राज्यबाट गोली चलेको प्रधानमन्त्रीले आफैँ फेसबुकबाट स्वीकार्नुभएको छ । राज्यको सुरक्षा निकायबाट चलेको गोलीको जिम्मेवारी प्रधानमन्त्री र गृहमन्त्रीले लिने कि नलिने ? हिजो भदौ २३-२४ को घटनामा उहाँहरूले तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई दोषी देखाउनुभयो । जेल हाल्ने कोसिस गर्नुभयो ।’

उनले यो घटनामा विगतको नजिरको कारणले प्रधानमन्त्री र गृहमन्त्रीले राजीनामा दिनुपर्छ कि पर्दैन ? भन्दै प्रश्न गरे ।

उनले भने-‘उहाँलाई प्रधानमन्त्री अँध्यारो कोठामा बस्नका लागि हो ? लोकतान्त्रिक प्रधानमन्त्रीले जनता, प्रतिपक्षसँग संवाद गरेर समस्या समाधान गर्ने कुराको अगुवाइ लिनुपर्छ कि पर्दैन ? त्यो अभिभावकत्व, त्यो नेतृत्व सरकारको प्रधानमन्त्रीले लिनुपर्छ कि पर्दैन ? आज त्यो देखिएको छैन ।’

उनले आज राज्यविहीनताको अवस्था बनेको आरोप लगाए । प्रधानमन्त्री र गृहमन्त्रीबाट रास्वपाले पाएको जनमतको अपमान भएको बताए । नेपाली कम्युनिस्ट पार्टीले सुनसरी घटनामा गृहमन्त्री सुधन गुरुङको भूमिकामाथि प्रश्न उठाएको छ । प्रतिनिधि सभाको बैठकमा बोल्दै सांसद गोपाल शर्माले कप्तानगन्ज घटनाबारे प्रधानमन्त्रीले सदनमा आएर जवाफ दिनुपर्ने बताए ।

उनले भने-‘हाम्रो प्रधानमन्त्री कहाँ हुनुहुन्छ ? के गर्दै हुनुहुन्छ ? न संसद्लाई जानकारी छ, न कसैलाई जानकारी छ । उल्टो गृहमन्त्रीज्यूले धम्की दिँदै भन्नुहुन्छ कसैलाई यो गृहमन्त्री चाहिएको छ भने लैजाऊ’ भनेर सार्वजनिक रूपले भन्न भ्याउनुहुन्छ ।’

उनले सरकार अभिभावक बन्नुपर्छ कि पर्दैन ? भन्दै प्रश्न गरे ।

उनले थपे-‘सुनसरीको कप्तानगन्जमा ओमप्रकाश मेहताको हत्या, गृहमन्त्रीले त्यहाँको स्थानीय तहलाई जिम्मा दिनुहुने हो कि नेपाल प्रहरीले गरेको जिम्मा आफूले लिनुहुने हो ?’

**प्रधानमन्त्री कुन खोपीमा बसिरहनुभएको छ : ओली**

राप्रपाकी प्रमुख सचेतक खुस्बु ओलीले प्रहरी र सेना फिल्डमा उतारेर, ड्रोन आकाशमा उडाएर सुनसरी घटना समाधान नहुने बताएकी छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै देशले प्रधानमन्त्रीको अभिभावकत्व खोजिरहेको बताइन् ।

उनले भनिन्-‘योभन्दा डरलाग्दा घटनाहरू आएका थिए । तर ती समयमा प्रधानमन्त्रीहरूले सम्बोधन गर्थे, राष्ट्राध्यक्षका रूपमा रहेका राजाले सम्बोधन गर्थे । तर आज उहाँ कुन खोपीमा बसिरहनुभएको छ । आफ्नो फेसबुकको प्रशासन प्रणालीमार्फत गोली प्रहारबाट चलेका ज्यान गएको स्वीकार गर्नुभएको छ । यदि गोली प्रहरीले चलाएको हो भने-त्यसको आदेश कसले दियो ?’

उनले सुनसरीमा गोली कसले चलाएको थियो ? भन्ने आफूहरूले जान्न चाहेको बताइन् ।

उनले थपिन्-‘सत्तारुढ दलको सभापतिले जेनजी आन्दोलनका क्रममा भएको गोलीकाण्ड र सुनसरी घटनाकाण्ड फरक भएको भन्नुभयो । अवश्य पनि घटना, स्थान, प्रकृति, पृष्ठभूमि फरक हुन सक्छन् । तर त्यसपछि राज्यले वहन गर्नुपर्ने जवाफदेहिताको प्रश्न आज पनि एउटै छ ।’ राज्यबाट चलेका गोलीका घटनाहरूमा फरक मापदण्ड कसरी हुन सक्दछ? भन्दै उनले सरकारलाई प्रश्न गरिन् ।

**देश चलाउन नसक्ने हो भने हात उठाए हुन्छ : राई**

श्रम संस्कृति पार्टीका सांसद आरेन राईले राईले प्रधानमन्त्री बालेन शाह मुलुकको वर्तमान परिस्थितिप्रति गम्भीर नदेखिएको आरोप लगाउँदै देश चलाउन नसक्ने भए जिम्मेवारीबाट पछि हट्न आग्रह गरेका छन् ।

बिहीबार प्रतिनिधिसभाको बैठकमा बोल्दै राईले सरकार अहिले बेखबर भएर बस्ने नभई बाहिर निस्किएर सूचना संकलन, जनतासँग संवाद र शान्ति-सुरक्षा कायम गर्न सक्रिय हुनुपर्ने बताए ।

उनले सरकारले अभिभावकीय भूमिका निर्वाह गर्न नसकेको टिप्पणी गर्दै देश र जनतालाई ‘टुहुरो’ बनाउने शैली स्वीकार्य नहुने बताए ।

‘यदि प्रधानमन्त्रीले अथवा अहिलेको सरकारले देश चलाउन नसक्ने अवस्था हो भने हात ठडाए हुन्छ । त्यो पाइन्छ, गर्न सकिन्छ,’ सांसद आरेन राईले भने-‘रास्वपा आज दुई तिहाइको नजिक छ । २ सय ८२ सांसद हुनुहुन्छ, कोही न कोहीले त देश लिड गरेर जाला ।’

सांसद राईले सरकारलाई जिम्मेवारीबाट नभाग्न चेतावनी दिँदै या त सक्रिय रूपमा काम गर्न, नभए देश चलाउन नसक्ने स्वीकार गरेर मार्ग प्रशस्त गर्न आग्रह गरे ।

‘यो ढंगले अभिभावक विहीन बनेर देश चलाउन पाइन्न । देश र जनतालाई यसरी टुहुरो बनाउन पाइन्न,’ सांसद राईले भने-‘यसकारणले सरकार कि त निस्किनुपर्यो, कि त सक्तिनँ भनेर हात ठडाउन पर्यो ।’

सांसद राईले सुनसरी घटनापछि सर्वदलीय बैठक राखेकामा रास्वपा सभापति रवि लामिछानेको प्रशंसा गरे । सामाजिक सद्भाव कायम गर्न सबै लाग्नुपर्ने र यसको नेतृत्व सरकारले लिनुपर्ने उनले बताए । सुनसरी घटनाबारे सरकारको जवाफ मागेका छन् ।

प्रतिनिधि सभाको बैठकमा बोल्दै सदनमा प्रधानमन्त्री र गृहमन्त्री नआएको भन्दै असन्तुष्टि जनाए । उनले भने-‘न प्रधानमन्त्री हुनुहुन्छ, न गृहमन्त्री हुनुहुन्छ । यो बेलामा सरकारले पहल गर्नुपर्ने बेलामा सरकार आफैं कालो कोठाभित्र लुकेर चियाएर हेरेजस्तो आज मलाई महसुस भइरहेको छ ।’

उनले बल प्रयोग गरेर समस्याको समाधान नहुने बताए । उनले प्रधानमन्त्रीको विवादित अभिव्यक्ति रेकर्डबाट हटाउनुपर्ने कुरा पनि उठाए ।

**संयम...**

पौडेलले एक अपिल जारी गर्दै सदियौँदेखि रहिआएको सामाजिक, धार्मिक, जातीय सद्भाव, सहिष्णुता, मेलमिलाप र भ्रातृत्व नै नेपालको पहिचान र परम्परा भएको बताएका छन् । राष्ट्रपति पौडेलले उत्पन्न विषम परिस्थितिलाई यथाशीघ्र सामान्य बनाउन, शान्ति सुव्यवस्थालाई पूर्ववत् अवस्थामा ल्याई नागरिकको शान्तिपूर्ण जीवनयापन गर्ने वातावरण कायम गर्न हरसम्भव प्रयासमा सरकार लाग्ने विश्वास व्यक्त गरेका छन् । यस्तै पुर्व राष्ट्रपति विद्यादेवी भण्डारीले पनि सुनसरीलगायतका क्षेत्रमा हालै भएको आपसी द्वन्द्व र विवादप्रति दुःख व्यक्त गर्दै सबै नेपालीलाई संयम रहन र आपसी सद्भाव कायम राख्न आग्रह गरेकी छन् ।

**लुम्बिनीको ...**

त्यसको केहीबेरपछि ओलीले गिरी र आचार्यलाई संगै राखेर ल अब केही समयमै चाँजोपाँजो मिलाउनु र गिरीलाई नेतृत्व सुम्पनू भनेर भनेका गिरी निकट स्रोतको दावी छ । ‘हुन्छ मलाई एकाद्य महिना दिनुस् म छाड्छु भनेर चेतनारायणले भने,’ गिरी निकट स्रोतको दाबी छ-‘ओलीले गिरीलाइ देखाउँदै त्यसै गर्ने ? भनेर सोधे, गिरीले पार्टी नेतृत्वको विवेकपूर्ण निर्णय भए भइहाल्छ भनेर जवाफ दिए ।’ ओलीले ल उसोभए नयाँ समीकरणको माहोल र तारतम्य मिलाएर एक महिनापछि गिरीलाई छाड्नु भनेर निर्णय सुनाएको र चेतनारायणले पनि हुन्छ भनेर सहमति गरेर सामूहिक तस्बिर खिचाएर बाहिरिएको गिरी निकट स्रोतले बताएको छ । गिरी र आचार्यले ओलीसंग छलफल गर्दा पौडेल र पोखरेल अर्को कोठामा थिए ।

‘काठमाडौं गएर अध्यक्षलाई भेटेपछि उहांले अहिलेकै नेतृत्वलाई निरन्तरता दिन निर्देशन दिनुभएको छ,’ आचार्यले भने-‘अब प्रदेश सभाको कार्यकाल एक वर्ष पनि नभएको, वजेट पनि पारित भइसकेको अवस्थामा सरकारको नेतृत्व फेरबदल गरिरहंदा जनस्तरमा पनि नकारात्मक सन्देश जान्छ भन्ने बुझेर पनि होला अध्यक्ष ज्यूले अर्को निर्णय गर्नुभएन ।’

मुख्यमन्त्रीमा आचार्यले निरन्तरता पाउने भएपनि मन्त्री छनोटमा भने चुनौती छ । मन्त्रालय संख्या १२ बाट घटेर आठमा सीमित भएकाले मन्त्री बन्ने आकांक्षी धेरै हुंदा सन्तुलन मिलाउन कठीन हुने आंकलन गरिएको छ । सरकारको नेतृत्व गर्ने दल एमालेले चार मन्त्रालय पाउने छ भने बाँकी चार मन्त्रालय गठबन्धनका अन्य दलबीच बाँडफाँट हुनेछ । सरकारमा सहभागी हुन लागेको नेकपाका १३ प्रदेशसभा सदस्यमध्ये तीन जना नागरिक उन्मुक्ति पार्टीबाट र एक जना तत्कालीन नेकपा एकीकृत समाजवादीबाट एकीकरण प्रक्रियामार्फत् आएका हुन् । नेकपाका प्रदेश संयोजक सुदर्शन बरालले एमालेले मुख्यमन्त्रीको टुङ्गो लगाएपछि मात्रै मन्त्री बाँडफाँटबारे औपचारिक छलफल सुरु हुने बताए ।

उनले एमाले र नेकपाको मात्रै संख्या बहुमतका लागि पर्याप्त नभएकाले साना दल वा स्वतन्त्र सांसदमध्येलाई सहभागी गराउनुपर्ने बाध्यता रहेको बताए । सरकार बनाउन लुम्बिनीमा एमाले र नेकपाको मात्रै संख्या पुग्दैन । ८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा अहिले ८३ जना सांसद कार्यरत छन् ।

एमालेका २९, नेपाली कांग्रेसका २७, नेकपाका १३ सभामुखसहित, राष्ट्रिय प्रजातन्त्र पार्टीका ४, जनमत पार्टीका ३, जनता समाजवादी पार्टी नेपालका २, लोकतान्त्रिक समाजवादी पार्टीका २ तथा राष्ट्रिय जनमोर्चा, जनता समाजवादी पार्टी र एक स्वतन्त्र सांसद छन् ।

सरकार गठनका लागि आवश्यक ४२ मत पुऱ्याउन एमाले र नेकपाले साना दल वा स्वतन्त्र सांसदमध्ये कम्तीमा एक पक्षको समर्थन अनिवार्य रूपमा जुटाउनुपर्ने अवस्था छ ।


## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि.को बिमालेख यही मिति २०८३।०२।१९ गते कुडियाबाट परासी जाँदै गर्दा क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला

बिमित नामः दिनानाथ बानियाँ
ठेगानाः कुडिया-६, नवलपरासी
बिमालेख नम्बरः २५११०१६६५
मोबाइल नम्बरः ९७०७९१०१३७

**नेपाल सरकार**
**गृहमन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**सिद्धार्थनगर, रुपन्देही**

## प्रमाणित सम्बन्धमा

प्रस्तुत विषयमा रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा नं. १३ बस्ने दण्डापानी पौडेलको नाती, रत्नाखर पौडेलको छोरा (ना. प्रा.नं.६, पर्वत) दुर्गाप्रसाद पौडेलको भारतीय पेन्सनर भएको रेजिमेन्ट नं. ना एफ ३/९ जि. आर (RANK No.5843537H) निजको भारतीय पेन्सन पट्टा प्रमाणपत्रमा नामथर दुर्गा बहादुर क्षेत्री (Durga Bahadur Chhetri) उल्लेख भएको र जन्म मिति AD. 12-03-1959 उल्लेख भएको र निजको नेपाली नागरिकताको प्रमाणपत्रमा ना. प्रा. प. नं. ६, पर्वत, जारी मिति २०४६/०४/०८ मा दुर्गा प्रसाद पौडेल (Durga Prasad Poudel) र जन्म मिति २०११/०१/३२ भएको र अङ्ग्रेजी महलमा जन्म मिति AD.7-05-1954 उल्लेख भई फरक फरक नाम थर, जन्म मिति उल्लेख भएको व्यक्ति फरक फरक नभई एउटै व्यक्ति भएको व्यहोरा सबैमा सूचित गरिन्छ । साथै निजकी धर्मपत्नी दण्डापानी पौडेलकी बुहारी दुर्गाप्रसाद पौडेलकी श्रीमती (ना.प्र. नं. ६, पर्वत) दुर्गा कुमारी पौडेलको निजको श्रीमान्को भारतीय पेन्सनरमा भएको रेजिमेन्ट नं. नायक ३/९ जि. आर (RANK NO.5843537H) मा निजको श्रीमान्को भारतीय पेन्सन पट्टा प्रमाणपत्रमा निजको नाम थर देव रुपा (Dev Rupa) र जन्म मिति AD.04-06-63) उल्लेख भएको र निजको नेपाली नागरिकताको प्रमाणपत्रमा (ना.प्रा.नं.६, पर्वत, २०४६/०४/०८) नामथर दुर्गा कुमारी पौडेल (Durga Kumari Poudel र जन्म मिति २०२०/०४/१२ र अङ्ग्रेजी महलमा जन्म मिति (AD.27-07 जन्म मिति उल्लेख भएको 1963) उल्लेख भई फरक फरक नामथर जन्म मिति उल्लेख भएको व्यक्ति फरक फरक नभई एउटै भएको सम्पूर्णमा सार्वजनिक रुपमा सूचना जारी गरिन्छ ।



# एभरग्रिन डिष्ट्रिलरी प्रा.लि.
देवदह ३, रुपन्देही

## मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित मदिराहरु आ.व. २०८३/०८४ को लागि मिति २०८३/०४/१५ गतेदेखि लागु हुने गरी निम्न दररेटअनुसार नेपाल भरी बिक्री वितरण गरिने हुंदा सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | यू. पि. शक्ति | मि.ली. | वितरक मुल्य प्रति पेटी | वितरक कमिशन प्रति पेटी | थोक विक्रेता मुल्य प्रति पेटी | थोक विक्रेता कमिशन प्रति पेटी | खुद्रा विक्रेता मुल्य प्रति पेटी | खुद्रा विक्रेता कमिशन प्रति पेटी | उपभोक्ता प्रति पेटी मुल्य | उपभोक्ता मुल्य प्रति बोटल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| KHAJA APPLE, Litchi FLAVOUR Black Wood Extra Dry, Black Wood Premium Global Extra Dry | ५० | १८० | ६५०१।५७ | ३५०।०० | ६८५१/५७ | ४००/०० | ७२५१/५७ | ६६८/४४ | ७९२०/०१ | १६५/०० |
| Day To Night Apple/Banana/ Mango Flavour/ Vandom/ Ice Box/RX XXX, RX EXTRA DRY, EG EXTRA DRY, | ५० | १८० | ६०००/९८ | १८०/८० | ६१८१/७८ | २००/०१ | ६३८१/७९ | ३३८/२१ | ६७२०/०० | १४०/०० |
| Nano Extra Dry | ७० | ३०० | ११५०।३४ | ७९/१० | १२२९/४४ | ९०/४० | १३१९/८४ | ३३०/१६ | १६५०/०० | ५५/०० |
| Nano/orange/litchi/junkari apple/orangelitchi /lemon | ७० | ३०० | ११३०।०० | १०१/७० | १२३१/७० | १२०/०० | १३५१/७० | २३८/३० | १५९०/०० | ५३/०० |
| Rodhi/Kandara | ७० | ३०० | ११०१।७५ | ७१/१९ | ११७२/९४ | ८०/०० | १२५२/९४ | २४७/०६ | १५००/०० | ५०/०० |

नोटः माथि उल्लेखित मुल्यमा स्थानिय कर बाहेक अन्तःशुल्क र मु.अ. कर समेत समावेश गरिएको छ ।



**नेपाल नेत्रज्योति संघ**
**लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर**
**श्री रण अम्बिका शाह आँखा अस्पताल**
**सिद्धार्थनगर- ३, रुपन्देही**

## प्राविधिक प्रस्ताव स्वीकृति तथा आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

**प्रकाशित मितिः २०८३/०४/१५**

यस अस्पतालको मिति २०८३-०३-०९ गतेको राष्ट्रिय दैनिक ,मेचिकाली सन्देश पत्रिकामा प्रकाशित Remodeling of Main building-phase II (interior works) (contract identification no:-LEI/NCB/WORKS-01-082/083) को शिलबन्दी बोलपत्र आब्हान सम्बन्धि सूचना र ततपश्चात रीतपुर्वक दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा देहाय बमोजिमको बोलपत्रदाताको प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्न मनासिव देखिएकोले संम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल,

| क्र.स. | प्राविधिक प्रस्ताव स्वीकृत बोलपत्रदाताको नाम | ठेगाना |
|---|---|---|
| १. | Maa Gayatri Nirman Sewa | Si.Na.Pa-13, Rupandehi |

**आर्थिक प्रस्ताव खोल्ने :-**
**मिति :-२०८३/०४/२२**
**समय :- दिनको १:०० बजे**
**स्थान :-अस्पताल सभाहल**

**प्रशासन शाखा**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# वर्षायामा किन डुबानमा पर्दैछ बुटवल ?

**केही वर्षअघिसम्म बुटवलमा डुबान हुँदैनथ्यो। अहिले बुटवलको कालिकानगर क्षेत्र डुबानमा पर्न थालेको छ।**



गंगा पोखरेल

बर्सातको मौसम सुरु भएसँगै मानिसहरूको दैनिक जीवन पनि वर्षासँगै अघि बढिरहेको हुन्छ। कोही कार्यालयतर्फ हतारिरहेका हुन्छन्, कोही विद्यालय-कलेज, कोही व्यापार-व्यवसायका लागि, त कोही आफ्नो व्यक्तिगत काममा गन्तव्यतर्फ लागिरहेका हुन्छन्। अचानक आकाशमा बादल मडारिन्छ, पानी पर्न थाल्छ। पैदल यात्रुहरू नजिकैको पसल वा चौतारोमा केहीबेर ओत लाग्छन्। केहीले आफूसँग भएको छाता खोल्छन्, केहीले रेनकोट लगाउँछन्। मोटरसाइकल चालकहरूले पनि रेनकोट लगाएर फेरि यात्रा सुरु गर्छन्। वर्षातसँग जुध्ने तयारीको जोहो धेरैजसो मानिसले गरेका हुन्छन्। तर समस्या पानी पर्नु होइन।

विडम्बना त त्यतिबेला सुरु हुन्छ, जब पाँच-दस मिनेटको सामान्य वर्षापछि नै बुटवलका सडकमा खोलो बग्न थाल्छ। सडकमा पानीको बहाव यति तीव्र हुन्छ कि सवारी साधन सुरक्षित रूपमा गुडाउन कठिन हुन्छ। पैदल यात्रुहरू बीच बाटोमै अलपत्र पर्छन्। कतै मोटरसाइकल ढल्छ, कतै गाडी पानीमै रोकिएर बस्न बाध्य हुन्छ। केही स्थानमा त सडक हो कि खोलो बगेको हो भन्ने छुट्याउनै गाह्रो हुन्छ।

यो कुनै दुर्गम गाउँ वा अविकसित बस्तीको दृश्य होइन। यो आफूलाई व्यवस्थित, विकसित र आधुनिक सहरका रूपमा चिनाउने बुटवलकै यथार्थ हो।

**यस्तो किन हुन्छ ?**

वर्षाको पानीको उचित निकास किन हुन सक्दैन ? सडक किन पानी बग्ने माध्यम बन्छ ? प्रत्येक वर्ष दोहोरिने यो समस्या समाधान हुन किन सकिरहेको छैन ? यस्ता प्रश्नहरू हरेक बुटवलवासीको मनमा उठ्नु स्वाभाविक हो। यसका पछाडि धेरै कारण हुन सक्छन्।

पहिलो, धेरै ठाउँका ढलहरू साँघुरा छन्। अहिलेको जनसंख्या, सडक विस्तार र वर्षाको पानीको परिमाणअनुसार तिनको क्षमता पर्याप्त छैन। फलस्वरूप, एकैपटक धेरै पानी पर्दा ढलले त्यसलाई धान्न सक्दैन र पानी सडकमै फैलिन थाल्छ।

दोस्रो, ढल र नालीमा फोहोर तथा माटो जम्नु अर्को प्रमुख समस्या हो। प्लास्टिकका झोला, बोतल, कागज, बालुवा, माटो, निर्माण सामग्री तथा अन्य फोहोर वर्षभरि बिस्तारै ढलमा जम्मा हुन्छन्। पानी पर्ने बेलासम्म ढलको अधिकांश भाग थुनिइसकेको हुन्छ। त्यसपछि पानीले आफ्नो बाटो खोज्दै सडकलाई नै बहावको माध्यम बनाउँछ।

तेस्रो, कतिपय सडकहरूको ढलान वैज्ञानिक ढङ्गले निर्माण गरिएको देखिँदैन। पानी सहज रूपमा नालीतर्फ जानुपर्ने हो, तर सडकको सतह मिलेको नहुँदा पानी सडकमै जम्ने र बग्ने अवस्था सिर्जना हुन्छ।

चौथो, अनियोजित शहरीकरण पनि एउटा गम्भीर कारण हो। पहिले पानी जमिनले सोस्ने ठाउँहरू थिए। अहिले ती स्थानमा घर, भवन, पार्किङ र पक्की संरचना बनेका छन्। जमिनले पानी सोस्ने क्षमता घटेपछि सम्पूर्ण वर्षाको पानी सडकतर्फ बग्न थालेको छ।

पाँचौँ, प्राकृतिक पानीको बहाव अवरुद्ध हुनु पनि कम जिम्मेवार छैन। पहिलेका कुलो, कुलेसा र प्राकृतिक निकासहरू अतिक्रमण, अव्यवस्थित निर्माण वा बेवास्ताका कारण हराउँदै गएका छन्। जब प्राकृतिक निकास बन्द हुन्छ, पानीले नयाँ बाटो खोज्छ, र त्यो बाटो प्रायः सडक नै बन्न पुग्छ।

यी सबै कारण महत्वपूर्ण भए पनि, मेरो विचारमा ढल र नालीमा फोहोर तथा माटो जम्नु नै सबैभन्दा जटिल र तत्काल समाधान गर्न सकिने समस्या हो।

हामीले वर्षभरि जथाभावी फाल्ने प्लास्टिकका झोला, बोतल, खानेकुराका खोल, निर्माण सामग्री र अन्य फोहोर अन्ततः कहाँ पुग्छन् ? ती सबै ढल र नालीमै पुगेर थुप्रिन्छन्। त्यसपछि वर्षात सुरु हुनेबित्तिकै पानीले निकास पाउँदैन। परिणाम–सडक नै खोलो बन्छ।

यो समस्या केवल स्थानीय सरकारको मात्र होइन, हामी नागरिकको पनि हो। हामीले फोहोर व्यवस्थापनमा जिम्मेवारी देखाएनौँ भने जतिसुकै ठूलो ढल बनाइए पनि त्यो कुनै दिन भरिने निश्चित छ।

तर यसको अर्थ स्थानीय सरकारको जिम्मेवारी कम हुन्छ भन्ने होइन।

बेलाबेला कुनै विशेष दिवस वा अवसर पारेर सरसफाइ अभियान सञ्चालन गरिन्छ। सडकमा देखिने फोहोर उठाइन्छ। सामाजिक सञ्जालमा तस्बिरहरू पनि सार्वजनिक हुन्छन्। यस्तो अभियान सकारात्मक हो, यसले जनचेतना बढाउँछ। तर एउटा प्रश्न भने मनमा बारम्बार उठिरहन्छ–के सरसफाइ अभियान सडकमा देखिने फोहोर टिपेर मात्र पूरा हुन्छ ?

त्यही सडकको छेउमा रहेको नाली र ढलको अवस्था कसैले हेरेको छ ? त्यहाँ कति माटो जमेको छ? कति प्लास्टिकले निकास बन्द गरेको छ ? वर्षात सुरु हुनुअघि ती ढलहरूको नियमित सरसफाइ किन प्राथमिकतामा पर्दैन ?

**अब कुरा गरौँ स्थानीय तहको भूमिकाबारे**

बुटवल उप-महानगरपालिकाले प्रत्येक महिनाको १ र १५ गते सरसफाइ अभियान सञ्चालन गर्ने गरेको देखिन्छ। यो राम्रो अभ्यास हो। तर सडकको फोहोर उठाउनु मात्र पर्याप्त होइन। त्यही सडकसँगै रहेका ढल र नालीको नियमित निरीक्षण, सफाइ र मर्मत पनि त्यत्तिकै आवश्यक छ।

कहिलेकाहीँ यस्तो लाग्छ–ढल र नाली मेयरसाबको आँखाबाट छुटेका हुन् कि ? कसैले देखाइदिएको छैन कि ? वा देखेर पनि प्राथमिकतामा नपरेका हुन् ? कतै सरसफाइ अभियानको मूल उद्देश्य दीर्घकालीन समाधानभन्दा फोटोसेसन र औपचारिकतामै सीमित त भएको छैन ?

यी प्रश्नहरू कुनै व्यक्तिविशेषलाई आरोप लगाउनका लागि होइनन्। बरु नागरिकको हैसियतले समाधान खोज्ने प्रयासका रूपमा उठाइएका जिज्ञासा हुन्।

यदि वर्षात सुरु हुनुअघि नै बुटवलका सबै मुख्य ढल र नालीहरूको अवस्था अध्ययन गर्ने, आवश्यक स्थानमा माटो र फोहोर हटाउने, अवरुद्ध निकास खुलाउने, साँघुरा ढल विस्तार गर्ने र प्राकृतिक पानीको बहाव सुरक्षित राख्ने कामलाई प्राथमिकता दिने हो भने, अहिले देखिने समस्या धेरै हदसम्म कम हुन सक्छ।

यसका साथै नागरिकले पनि आफ्नो जिम्मेवारी बिर्सनु हुँदैन। जथाभावी फोहोर फाल्ने बानी त्याग्ने, ढलमा प्लास्टिक वा निर्माण सामग्री नहाल्ने, सामुदायिक सरसफाइमा सहभागी हुने र सम्बन्धित निकायलाई समयमै समस्या जानकारी गराउने संस्कृतिको विकास आवश्यक छ। सहर सफा राख्ने जिम्मेवारी सरकारको मात्र होइन, यहाँ बस्ने प्रत्येक नागरिकको पनि हो। बुटवल विकासको यात्रामा अघि बढिरहेको सहर हो। चौडा सडक, नयाँ संरचना र बढ्दो शहरीकरण विकासका संकेत हुन्। तर विकासको वास्तविक मापन केवल सडकको चौडाइ वा भवनको उचाइले हुँदैन। पाँच मिनेटको वर्षापछि सडक खोलो बन्छ भने त्यो विकासमाथि प्रश्न उठ्ने विषय पनि हो।

समस्या देखाएर मात्र होइन, समाधानतर्फ ध्यान दिँदै अघि बढ्न सके बुटवल अझ व्यवस्थित, सुरक्षित र बस्न योग्य सहर बन्न सक्छ। त्यसका लागि स्थानीय सरकार, प्राविधिक निकाय र नागरिक सबैको समान जिम्मेवारी र सक्रियता आवश्यक छ।

यो कुनै आरोप होइन्। यो बुटवललाई अझ राम्रो, सुरक्षित र व्यवस्थित बनाउन चाहने एउटा जिम्मेवार नागरिकको जिज्ञासा मात्र हो।

# बुटवलमा नागरिक समाजको सद्भाव र्‍याली




बुटवल। सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा भएको घटनापछि उत्पन्न परिस्थितिलाई मध्यनजर गरी बुटवलमा नागरिक समाजले सद्भाव र्‍याली निकालेका छन्।

सामाजिक, धार्मिक तथा साम्प्रदायिक सद्भाव कायम राख्न अपिल गर्दै ब्यानरसहित बुटवलको पुष्पलाल चोकदेखि ट्राफिकचोकसम्म र्‍याली निकालिएको हो।

र्‍यालीमा नागरिक समाजका अगुवा, मानवअधिकारकर्मी, सञ्चारकर्मी, व्यवसायिक संघसंस्थाका प्रतिनिधि, विभिन्न धार्मिक समुदायका अगुवा,कानून व्यवसायी लगायतको बाक्लो सहभागिता थियो।

राष्ट्रिय स्वतन्त्रताका लागि नागरिक मञ्चका अध्यक्ष अधिवक्ता पदम कार्की, सामाजिक अभियन्ता वीरेन्द्र बिक, मानव अधिकारकर्मी गोविन्द खनाललगायतको अगुवाइमा सद्भाव र्‍याली भएको हो।

सद्भाव र्‍यालीमा सदियौंदेखि नेपालमा कायम सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई खल्बलिन नदिन र थप सुदृढ बनाउन र्‍यालीमा सहभागी सबै पक्षलाई अपील गरिएको छ।

सुनसरीको देवानगञ्जमा गत साउन १० गते भएको घटनामा प्रहरीको गोली लागेर ओमप्रकाश महतोको मृत्यु र सुरक्षाकर्मीसहित २० जना बढी घाइते भएका थिए। त्यसपछि सुनसरीका विभिन्न ५ ठाउं आसपास कर्फ्यु लगाइएको छ। उक्त घटनालाई लिएर विराटनगर, सिरहा, सप्तरीमा समेत विरोध प्रदर्शनहरु भएका छन्।

र्‍यालीपछि सञ्चारकर्मीसँग बोल्दै सामाजिक अभियान्ता वीरेन्द्र विकले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न सरकारसँग माग गरेका छन्।

शान्तिपूर्ण रूपमा आफ्ना धारणा राख्ने नागरिकमाथि अनावश्यक बल प्रयोग, दमन तथा मानवअधिकारविपरीतका गतिविधि नगर्न पनि सरकारलाई उहाले सचेत गराए।

सुरक्षा निकाय, राजनीतिक दल, धार्मिक तथा सामाजिक संघसंस्था, नागरिक अभियन्ता, बुद्धिजीवी र सञ्चारमाध्यम सबैले उच्च जिम्मेवारीका साथ संयमता अपनाउन र सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकतालाई थप बलियो बनाउनुपर्ने अहिले सबै नागरिकको पहिलो जिम्मेवारी भएको विकले बताए। मृतकका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति र घाइतेहरूको सम्पूर्ण उपचारको जिम्मेवारी सरकारले लिनुपर्ने पनि विकले माग गरे।

# लायन्स बुटवल युथको १२औँ चार्टर उत्सव

बुटवल। लायन्स क्लब अफ बुटवल युथको १२औँ चार्टर उत्सव तथा सम्मान समारोह सम्पन्न भएको छ। लायन्स इन्टरनेसनल, डिष्ट्रिक्ट ३२५ पी, नेपालको वर्ष २०२६-२०२७ अन्तर्गत आयोजित कार्यक्रममा सामाजिक सेवा र मानवीय क्षेत्रमा योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वलाई सम्मान गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि अन्तर्राष्ट्रिय पूर्व निर्देशक, पीएमजेएफ अरुण प्रताप राणाले लायन्स अभियान सेवा, समर्पण र मानवीय सहयोगमा आधारित अभियान भएको बताउँदै युवाको सक्रिय सहभागिताले सामाजिक सेवाका गतिविधिलाई थप प्रभावकारी बनाउन सकिने धारणा व्यक्त गरे। उनले क्लबले १२ वर्षको यात्रामा पुऱ्याएको योगदानको प्रशंसा गर्दै आगामी दिनमा अझ प्रभावकारी कार्यक्रम सञ्चालन गर्न शुभकामना दिए।

डिष्ट्रिक्ट गभर्नरले क्लबले सामाजिक सेवाका क्षेत्रमा गर्दै आएको योगदानको प्रशंसा गर्दै शिक्षा, स्वास्थ्य, रक्तदान तथा मानवीय सेवाका कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिए।

डिष्ट्रिक्ट चेयर एडभाइजर दीपक श्रेष्ठले क्लबले १२ वर्षको यात्रामा सामाजिक सेवामा आफ्नो पहिचान बनाउन सफल भएको बताए। उनले आगामी दिनमा समुदायको आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए।

क्लबका अध्यक्ष दीपक थापाले क्लबका सदस्यहरूको सक्रियता र सहकार्यले विभिन्न सेवामूलक कार्यक्रम सफल हुँदै आएको बताउँदै आगामी दिनमा सेवाका गतिविधिलाई थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले सदस्यहरु बृद्धिका साथै बिगतका राम्रा कार्यहरुको अनुसरण गर्दै अगाडि बढ्ने बताए।

क्लबका सचिव लक्ष्मण बन्जाडेको सञ्चालनमा सम्पन्न भएको कार्यक्रममा नयाँ सदस्यहरुलाइ क्लबमा स्वागत, अपांगहरुलाइ सहयोग समेत गरिएको थियो।

कार्यक्रममा क्लबले अहिलेसम्म गरेका विभिन्न सामाजिक गतिविधिसम्बन्धी र क्लवका अध्यक्ष थापाको जीवनीमा आधारित वृत्तचित्रसमेत प्रदर्शन गरिएको थियो।

२०७२ साल साउन ६ गते अर्थात् २२ जुलाई २०१५ मा स्थापना भएको लायन्स क्लब अफ बुटवल युथले आफ्नो १२ वर्षे यात्रामा विभिन्न सामाजिक तथा मानवीय सेवाका गतिविधि सञ्चालन गर्दै आएको छ।

१२औँ चार्टर उत्सवका अवसरमा क्लबले आगामी दिनमा पनि सामाजिक सेवाका कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ।

# बुटवलमा कोडफेस्ट ह्याकाथन प्रतियोगिता हुँदै




हुमाकान्त पोखरेल

*बुटवल*

बुटवलमा कोडफेस्ट ह्याकाथन प्रतियोगिता हुने भएको छ। कोड फर चेन्ज रुपन्देहीले यही साउन १६ र १७ गते लुम्बिनी प्रदेशस्तरीय प्रतियोगिताको आयोजना गरेको हो। प्रतियोगिता बुटबल ढबाहामा सञ्चालन हुनेछ। कुल ३३ समूहले नाम दर्ता गराएकोमा १० समूह मात्रै प्रतिस्पर्धाको लागि योग्य भएका छन्।

प्रतियोगितामा हर कोड, बिएमसी हन्टर्स, टिम नेक्सस, डेभ.बिएमसी, टिम साइफर, एक्सकेलर, बियोन्ड बाइनरी, टिम माइन्डमेस, बाइट स्मिथ्स, पास फोर इम्प्याक्ट टिमले प्रतिस्पर्धा गर्ने आयोजक कोड फर चेन्ज, रुपन्देहीका सदस्य रोशन पोखरेलले जानकारी दिए। प्रतियोगितामा उत्कृष्ट तीन समूह छनोट गर्ने र प्रथम हुनेलाई राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागिताको लागि अवसर दिइने आयोजकले जनाएको छ। राष्ट्रिय स्तरको प्रतियोगिता काठमाडौंमा १० समूहबिच हुनेछ। जसमा प्रथम हुनेलाई तीन लाख प्रदान गरिनेछ। प्रतियोगितामा प्लस टु र ब्याचलरका विद्यार्थीलाई छुट्टाछुट्टै प्रतिस्पर्धा गराइएको छ।

**के हो कोडफेस्ट ह्याकाथन प्रतियोगिता ?**

कोडफेस्ट ह्याकाथन प्रतियोगिता भनेको १२, २४ वा ३६ घण्टाको निश्चित समयभित्र समूह बनाएर कुनै वास्तविक समस्या समाधान गर्ने सफ्टवेयर, मोबाइल एप, वेबसाइट वा अन्य प्रविधिमा आधारित समाधान गर्ने प्रतियोगिता हो। स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता, स्मार्ट सिटी, जलवायु परिवर्तन, नवप्रवर्तनजस्ता संयुक्त राष्ट्रसंघका दीगो विकास लक्ष्यसम्बन्धी परियोजना बनाउन प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको पोखरेलले जानकारी दिए।

यसमा खासगरी नयाँ प्रविधिमार्फत् समाजका वास्तविक समस्याको खोजी गरिन्छ। यस प्रतियोगितामा पहिले नै प्रतियोगी समूहले योजना पेश गरेका हुन्छन्। उक्त योजनाको सम्बन्धमा निर्धारित समय १२, २४ वा ३६ घण्टाभित्र प्रोटोटाइप/एप/वेबसाइट तयार गरिन्छ। तयार गरेको सामग्रीलाई प्रस्तुति गरिन्छ। नवीनता, उपयोगिता, प्राविधिक गुणस्तर, डिजाइन र प्रभावका आधारमा उत्कृष्ट समूहलाई छनोट गरिन्छ। हाल बुटबलमा आयोजना गरिएको कार्यक्रमको तयारीलाई पनि तीव्रता दिइएको छ।

# सुनसरीलगायत जिल्लाका घटनाप्रति महासंघको गम्भीर ध्यानाकर्षण

बुटवल। नेपाल उद्योग वाणिज्य महासंघले विगत केही दिनदेखि सुनसरी जिल्लाको कप्तानगञ्ज लगायत तराईका विभिन्न जिल्लामा देखा परेको अशान्त वातावरण, शृङ्खलाबद्ध घटनाहरू तथा सर्वसाधारणबीच उत्पन्न तनावप्रति गम्भीर ध्यानाकर्षण भएको बताएको छ।

नेपाल सदियौंदेखि बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक एकताको अनुपम उदाहरण रहँदै आएको उल्लेख गर्दै महासंघले तराई-मधेश क्षेत्र विशेष गरी विभिन्न जातजाति, भाषाभाषी र समुदायबीचको आपसी भाइचारा, सामाजिक सद्भाव र सहिष्णुताको केन्द्र भएको जनाएको छ।

'कुनै पनि बहानामा हुने सामाजिक अशान्ति, झडप, हिंसा र मुठभेडले कसैको पनि हित गर्दैन,' महासंघले भनेको छ-'यस प्रकारका घटनाले सामाजिक सद्भाव बिथोल्नुका साथै सर्वसाधारणको दैनिक जीवनयापन, उद्योग, व्यापार र समग्र देशको आर्थिक गतिविधिमा समेत गम्भीर नकारात्मक असर पुऱ्याउँछ। सामाजिक सदभाव र शान्ति नै मुलुकको समृद्धि र आर्थिक विकासको पूर्वसर्त हो।'

महासंघले जुनसुकै प्रकारका मतभेद वा असमझदारीको समाधान केवल शान्तिपूर्ण वार्ता, संवाद र आपसी समझदारीबाट मात्र सम्भव हुने बताएको छ। महासंघले सुनसरीको कप्तानगञ्ज लगायतका स्थानमा शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउन स्थानीय प्रशासन तथा सरकारसँग माग गरेको छ। कुनै पनि किसिमका भ्रम, उत्तेजना र अफवाहबाट मुक्त भई संयमता अपनाउन तथा परापूर्वकालदेखि कायम रहँदै आएको भाइचारालाई अझ मजबुत बनाउन अपिल गरिएको छ।

तराईका क्षेत्रमा देखा परेको तनावपूर्ण स्थितिलाई साम्य पारी दिगो शान्ति स्थापना गर्नका लागि सकारात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्न राजनीतिक दल, नागरिक समाज, धार्मिक गुरुहरू, सञ्चारकर्मी तथा स्थानीय अगुवाहरूसँग नेपाल उद्योग वाणिज्य महासंघले आह्वान गरेको छ। महासंघले घटनामा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेको छ। घटनामा घाइते सबैको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

# बुटवलका १२ दलद्वारा सामाजिक सद्भाव कायम राख्न अपिल

बुटवल। बुटवल उप-महानगरपालिकामा क्रियाशील १२ राजनीतिक दलले सामाजिक सद्भाव कायम राख्न संयुक्त अपिल गरेका छन्। सत्तारुढ रास्वपा,प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, राप्रपा सहित १२ दलका नगर प्रमुख र प्रतिनिधिहरुले सुनसरी लगायत आसपासका जिल्लाहरुमा घटेका हिंसात्मक घटनाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै सामाजिक र धार्मिक सद्भाव कायम राख्न अपिल गरेका हुन्। विज्ञप्तिमा कुनै पनि प्रकारका हिंसा, द्वेष, जातीय वा साम्प्रदायिक तनाव सिर्जना गर्ने गतिविधि लोकतान्त्रिक समाजका लागि स्वीकार्य हुन नसक्ने उल्लेख गरिएको छ।

दलका नेताहरूले सबै पक्षलाई संयमता अपनाउन, कानुनको सम्मान गर्न तथा सामाजिक, जातीय र धार्मिक सद्भाव कायम राख्न अपिल गरेका छन्। साथै घटनाको सत्यतथ्य निष्पक्ष र पारदर्शी ढंगले छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

विज्ञप्तिमा बुटवल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक शहर भएको उल्लेख गर्दै यहाँको सामाजिक एकता र सद्भावलाई थप सुदृढ बनाउन सबै राजनीतिक दलले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने आग्रह गरिएको छ। 'सद्भाव, सहिष्णुता र एकता नै हाम्रो साझा शक्ति हो,' विज्ञप्तिमा भनिएको छ-'सामाजिक सद्भावका लागि सम्पूर्ण आम बुटवलवासी नागरिकहरूमा पनि हार्दिक अपिल गर्दछौं।'

विज्ञप्तिमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति राजेश्वर पाण्डेय, नेपाली कांग्रेसका नगर उपसभापति ज्योति भण्डारी, नेकपा एमालेका अध्यक्ष शोभाकर पोखरेल, नेपाली कम्युनिष्ट पार्टीका संयोजक महेन्द्र भुसाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष लक्ष्मण प्रसाद श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका सचिव गंगालाल सापकोटा, नेपाल कम्युनिष्ट पार्टीका संयोजक दिपक पौडेल, नेकपा माओवादीका इञ्चार्ज विष्णुप्रसाद बेलवासे, क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका प्रतिनिधि मानबहादुर कुंवर, प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष कर्ण भट्टराई, जनता समाजवादी पार्टीका अध्यक्ष दीपक गुरुङ र नेपाल कम्युनिष्ट पार्टी बहुमतका प्रतिनिधि तिलक गिरीले हस्ताक्षर गरेका छन्।









सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com